# प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी

# मापदण्ड तथा कार्यविधि, २०७५

प्रदेश सरकार

गण्डकी प्रदेश

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पोखरा

राष्ट्रसेवक कर्मचारीहरुको उच्च मनोबलका साथै सेवा प्रवाहमा प्रोत्साहित गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकारको केही प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०७५ बनाएको छ।

## परिच्छेद-१, संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी मापदण्ड तथा कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिदेखि गण्डकी प्रदेशभर लागू हुनेछ।

## परिच्छेद-२, परिभाषा

(१) "पुरस्कार" भन्नाले प्रदेश सरकारले प्रदान गर्ने प्रदेश सर्वोत्कृष्ट निजामती कर्मचारी पुरस्कार, उत्कृष्ट प्रदेश निजामती कर्मचारी पुरस्कार र प्रदेश निजामती सेवा पुरस्कार सम्झनु पर्दछ।

(२) "कार्यालय प्रमुख" भन्नाले गण्डकी प्रदेश सरकार मातहतका सबै मन्त्रालय/ सचिवालय/ आयोग/ कार्यालय/ निकायका प्रमुखलाई सम्झनु पर्दछ।

(३) "सचिव" भन्नाले प्रदेश सरकार मातहतका मन्त्रालय/सचिवालय/आयोग / निकायका राजपत्रांकित राजपत्रांकित प्रथम श्रेणीका पदमा सचिव भनी तोकिएका पदमा कार्यरत निजामती कर्मचारीलाई सम्झनु पर्दछ।

(४) "समिति" भन्नाले यस कार्यविधि बमोजिमको समितिलाई सम्झनु पर्दछ।

(५) "अध्यक्ष" भन्नाले यस कार्यविधि बमोजिमको समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

## परिच्छेद-३, पुरस्कारको प्रकार र मापदण्ड

(१) प्रदेश सरकार अन्तर्गत स्वीकृत दरबन्दीमा कार्यरत राजपत्रांकित द्वितीय श्रेणी सम्मका कर्मचारीहरुको लागि प्रदेश निजामती सेवा पुरस्कार सिफारिस गर्न देहाय बमोजिमको समिति रहने छ।

(क) प्रमुख सचिव, प्रदेश सरकार - अध्यक्ष

(ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(ग) प्रदेश सरकारले तोकेको प्रदेश सरकारको १ जना सचिव - सदस्य

(घ) राजपत्रांकित विशिष्ट श्रेणी/ राजपत्रांकित प्रथम श्रेणीको पदबाट प्रदेश सरकारले तोकेको सेवा निवृत्त कर्मचारी व्यक्ति - सदस्य

(ङ.) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन हेर्ने सचिव - सदस्य सचिव

तर पुरस्कारको लागि सिफारिस हुने प्राविधिक कर्मचारीको हकमा समितिले आवश्यक ठानेमा सम्बन्धित सेवा/समूह मिल्ने राजपत्रांकित प्रथम श्रेणीको अधिकृत कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(२) पुरस्कारको किसिम

(क) सर्वोत्कृष्ट प्रदेश निजामती कर्मचारी पुरस्कार - १ जना रु.१,००,०००/- र प्रमाण पत्र

(ख) उत्कृष्ट प्रदेश निजामती कर्मचारी - २ जना रु. ७५,०००/- र प्रमाण पत्र

(ग) प्रदेश निजामती सेवा पुरस्कार - १५ जना रु. ५०,०००/- र प्रमाण पत्र

(३) समितिले पुरस्कारको लागि छनौट गर्दा देहाय बमोजिमका आधार लिनुपर्नेछ।

(क) सम्बन्धित कार्यालय/निर्देशनालय/आयोग/निकाय/मन्त्रालयको सिफारिस

(ख) कार्य सम्पादन मूल्याङ्कन

(ग) ज्येष्ठता र भौगोलिक अनुभव, (जेष्ठताको मूल्याङ्कन गर्दा प्रदेश सरकार अन्तर्गत गरेको सेवा अवधिलाई प्राथमिकता दिनुपर्नेछ।)

(घ) कार्यकुशलता, व्यवसायिक दक्षता, सृजनात्मक क्षमता, नेतृत्व शैली, लगनशीलता ।

(४) समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहने छ।

(५) समितिले बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

(६) समितिले सिफारिस गर्दा भौगोलिक सन्तुलन मिल्ने गरी सिफारिस गर्न ध्यान दिनुपर्नेछ।

(७) पुरस्कार सिफारिस गर्दा देहायको मापदण्ड भित्र रही गर्नुपर्नेछ,

(क) १०० जनासम्म कर्मचारी भएको संगठन मध्येबाट - २ जनासम्म

(ख) १०१ देखि ३०० जनासम्म कर्मचारी भएकोमा - ४ जनासम्म

(ग) ३०१ देखि ५०० जनासम्म कर्मचारी भएकोमा - ६ जनासम्म

(घ) ५०१ देखि १००० जनासम्म कर्मचारी भएकोमा - ८ जनासम्म

उल्लेखित कर्मचारीको दरबन्दी रहेको संगठनहरुमा कम्तिमा ७०% पदपूर्ति भएको हुनु पर्नेछ।

**परिच्छेद-४, प्रदेश निजामती सेवा पुरस्कार सिफारिस गर्दा अपनाउनु पर्ने कार्यविधि**

(१) पुरस्कारको लागि सिफारिस गर्दा देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

(क) पुरस्कारको लागि सिफारिस गरिने कर्मचारी कार्यरत कार्यालय प्रमुखले अनुसूची-१ बमोजिमको फाराम सम्बन्धित कर्मचारीबाट भराई विवरण प्रमाणित हुने कागजात संलग्न राखी तालुक निकाय/सचिवालय /निर्देशनालय /आयोग/मन्त्रालयमा प्रमाणित गरी सिफारिस साथ पौषको दोस्रो हप्ताभित्र पठाउनु पर्नेछ ।

(ख) विभाग/निर्देशनालय/आयोगका प्रमुखले मातहतका निकायबाट उपदफा १(क) बमोजिमको प्राप्त सिफारिस उपर आफ्नो राय सहित पौष मसान्तभित्र मन्त्रालय/प्रदेशको केन्द्रीय निकाय/प्रदेशको केन्द्रीय आयोग वा सचिवालयमा पठाउनु पर्नेछ ।

(ग) मन्त्रालय तथा केन्द्रीय निकायले प्राप्त सिफारिस छानबीन गरी दफा ३ को उपदफा (६) र (७) को मापदण्ड समेत विचार गरी पुरस्कारको लागि छनौट गरिएको विवरण माघको पहिलो हप्ताभित्र समितिमा पठाउनु पर्नेछ। यसरी छनौट गरी पठाउँदा प्रस्ताव गरिएको पुरस्कार समेत खुलाई पठाउनु पर्नेछ।

(घ) पुरस्कार छनौट समितिले समितिमा प्राप्त सिफारिस, प्रस्तावित पुरस्कार समेत विचार गरी उपयुक्त ठहरयाएको कर्मचारी र उपयुक्त ठहरयाएको पुरस्कार सिफारिस गरी माघको तेस्रो हप्ताभित्र प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ र सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेभसाइटमा समेत प्रकाशित गर्नु पर्नेछ।

(ङ.) पुरस्कारको लागि सिफारिस गरिएको कुनै कर्मचारी सिफारिस हुनु नपर्ने भनी दाबी विरोध गर्न चाहेमा सिफारिस हुन नपर्ने कारण खोली प्रमाण संलग्न राखी सूचना प्रकाशित भएको ७ दिनभित्र उजुरी दिन सकिने छ।

(च) सिफारिस समितिमा उजुरी परेको १० दिनभित्र समितिले निर्णय गर्नु पर्नेछ।

(२) प्रदेश सरकारले सिफारिस समितिबाट प्राप्त नाम र पुरस्कारको सम्बन्धमा छानबीन गरी माघ मसान्तसम्म पुरस्कृत हुने कर्मचारी र पुरस्कारको किसिम निर्णय गर्नेछ।

**परिच्छेद-५, प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी विशेष व्यवस्था**

(१) प्रदेश सरकारका राजपत्रांकित प्रथम श्रेणीका कर्मचारीलाई पुरस्कृत गर्नका लागि सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहने छ।

(क) प्रदेश लोकसेवा आयोगका अध्यक्ष वा निजले तोकिएको आयोगको सदस्य - संयोजक

(ख) सेवा निवृत्त विशिष्ट श्रेणीको प्रदेश सरकारले तोकेको व्यक्ति - सदस्य

(ग) प्रदेश सरकारका प्रमुख सचिव - सदस्य सचिव

तर प्रदेश लोक सेवा आयोगको गठन नभएसम्म संयोजक प्रदेश सरकारको प्रमुख सचिव रहनेछन्।

तर प्रदेश सरकारका प्रमुख सचिवको सिफारिसका लागि देहायको समिति रहने छ।

(क) मुख्यमन्त्री वा निजले तोकेको प्रदेश सरकारका मन्त्री - संयोजक

(ख) प्रदेश लोकसेवा आयोगका अध्यक्ष वा निजले तोकेको आयोगका सदस्य - सदस्य

(ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वरिष्टतम सचिव - सदस्य सचिव

तर प्रदेश लोक सेवा आयोगको गठन नभएसम्म सदस्य प्रदेश सरकारको जेष्ठ सचिव रहनेछन्।

(२) उपदफा (१) क बमोजिम प्रदेश लोकसेवा आयोग गठन नभएसम्म मुख्यमन्त्री वा मुख्यमन्त्रीले तोकेको मन्त्रीको अध्यक्षतामा गर्ने।

(३) प्रदेशका प्रमुख सचिव विशिष्ट श्रेणीका अधिकृत तथा सचिव राजपत्रांकित प्रथम श्रेणीको कर्मचारीलाई पुरस्कारका लागि सिफारिस गर्दा सिफारिस गरिएको पुरस्कारका साथै निजले प्रदेशको सेवामा गरेको विशिष्ट योगदान, आफ्नो कामसंग सम्बन्धित विषयमा गरेको अनुसंधान, खोज, र नयाँ प्रविधिको विकास तथा आफू कार्यरत संस्थाको विकास, विस्तार र प्रगति हुने कुनै काम गरेको भए सो समेत खुलाउनु पर्नेछ।

(४) प्रदेश निजामती सेवा पुरस्कार सिफारिस सम्बन्धी आधारहरु,

(क) सर्वोत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कारका लागि

(१) पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा शतप्रतिशत अंक प्राप्त गरेको ।

(२) कुनै पनि विभागीय सजाय प्राप्त नगरेको ।

(३) सम्पत्ति विवरण नियमित रुपमा पेश गरेको ।

(४) असाधारण विदा लिएको भए विदा समाप्ती पछि हाजिर भएको अवधि कम्तिमा दुई वर्ष पुरा भएको ।

(५) पुरस्कारका लागि सिफारिस हुने वर्ष तथा अघिल्लो पूरा वर्षमा अध्ययन विदा नलिएको ।

(६) पछिल्लो पाँच वर्षभित्र गयल कट्टिमा नपरेको ।

(७) सरुवा रमाना भई जाँदा नियमित रुपमा बरबुझारथ गरेको ।

(८) व्यवस्थापन परिक्षण भएकोमा सिफारिस हुने वर्षमा निजको नाममा प्रशासनिक बेरुजु नदेखिएको ।

(९) आफ्नो र आफूले नेतृत्व गरेको संस्था कार्यालयको आफ्नो कार्यकालको लेखा परीक्षण बेरुजु नदेखिएको ।

(ख) उत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कार र प्रदेश निजामती सेवा पुरस्कारका लागि

(१) निजामती सेवाको स्थायी पदमा सात वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेको हालको पदमा काम गरेको कम्तिमा एक वर्ष पूरा भएको

(२) अघिल्लो वर्षको कार्य सम्पादन मूल्याङ्कनमा शतप्रतिशत अंक प्राप्त गरेको

(३) सिफारिस हुने वर्षसम्म भन्दा अघिल्लो पाँच वर्षसम्म विभागीय सजाय नपाएको

(४) सम्पत्ती विवरण नियमित रुपमा पेश गरेको

(५) पुरस्कारको लागि सिफारिस हुने वर्षमा निजको नाममा व्यक्तिगत बेरुजु नदेखिएको

(६) असाधारण विदा लिएकोमा विदा पश्चात हाजिर भएको अवधि दुई वर्ष पूरा भएको

(७) सिफारिस हुने वर्ष र अघिल्लो वर्षमा अध्ययन विदा नलिएको

(८) पछिल्लो तीन वर्षमा गयल कट्टीमा नपरेको

(९) व्यवस्थापन परीक्षण भएकोमा पुरस्कारको लागि सिफारिस हुने वर्षमा निजको नाममा प्रशासनिक बेरुजु नरहेको

(१०) प्रचलित कानून बमोजिम बरबुझारथ गरेको

(ग) उपदफा (क) र (ख) बमोजिमको कर्मचारी सिफारिस गर्दा कुनै पदमा न्यूनतम् सेवा अवधि पुगेका कुनै पनि कर्मचारी नभएमा समितिले औचित्य हेरी उपलब्ध कर्मचारी मध्ये ज्येष्ठ कर्मचारी पर्ने गरी सिफारिस गर्ने।

तर विशिष्ट श्रेणीको पदको हकमा हालको पदमा काम गरेको अवधि एक वर्ष पुगेको हुनुपर्नेछ।

## परिच्छेद-६, पुरस्कार वितरण व्यवस्था

१. पुरस्कार वितरण गर्न चाहिने रकम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सालबसाली बजेटमा व्यवस्था गरिनेछ।

२. पुरस्कार वितरण गर्दा पुरस्कार पाउने कर्मचारीलाई सम्मान स्वरुप प्रत्येक वर्ष फागुन ४ गते हुने समारोहमा प्रमाणपत्र सहित वितरण गरिनेछ।

## परिच्छेद-७, अनुसूची सम्बन्धी व्यवस्था

अनुसूची -१ प्रदेश निजामती सेवा पुरस्कारको लागि संभाव्य कर्मचारीले भर्ने फारम

अनुसूची -२ कार्यालय/निर्देशनालय/सचिवालय/मन्त्रालयले गर्ने सिफारिस फारम

अनुसूची -३ पुरस्कारका लागि सिफारिस गर्ने समितिले प्रमाणित गर्ने फारम

## अनुसूची - १

मैले देहाय बमोजिमको विवरण र पुष्टयाई गर्ने प्रमाणित कागजात सहित प्रदेश निजामती सेवा पुरस्कारको सिफारिसका लागि पेश गरेको छु।

१. (क) कर्मचारीको नाम, थर :- संकेत नं. :-

(ख) निजामती सेवाको स्थायी पदमा प्रवेश गरेको मिति :- पद :-

(ग) हालको पद :- मिति :-

(घ) भौगोलिक अनुभव :- हिमाली जिल्ला ..... वर्ष पहाडी जिल्ला ..... वर्ष तराई ..... वर्ष

(ड.) प्रदेश सरकारको सेवामा प्रवेश गरेको मिति :- कार्यालय :-

२. मेरो निम्नानुसारको विवरण सही छ:-

(क) निजामती सेवामा .... वर्ष काम गरिसकेको छु र प्रदेश सरकार मातहत .... वर्ष सेवा गरिसकेको छु।

(ख) मैले विभागीय सजाय पाएको छैन । मिति ........................... मा ........................... विभागीय सजाय पाएको ......... वर्ष पुरा भैसकेको छ।

(ग) सम्पत्ती विवरण नियमित रुपमा पेश गरेको छु।

(घ) मेरो नाममा व्यक्तिगत बेरुजु छैन।

(ड.) मैले मिति .............................. मा असाधारण विदा लिएको अवधि ..... वर्ष पूरा भई सकेकोछ। असाधारण विदा समाप्ती पछि नियमानुसार हाजिर भएको छु। असाधारण विदा लिएको छैन।

(च) मैले मिति .............................. मा अध्ययन विदा लिएको अवधि ....... वर्ष पूरा भई सकेकोछ। अध्ययन विदा समाप्ती पछि नियमानुसार हाजिर भएको छु। अध्ययन विदा लिएको छैन।

(छ) म मिति .............................. मा गयल कट्टिमा परेको अवधि ........ वर्ष पूरा भई सकेकोछ। गयल कट्टीमा परेको छैन।

(ज) मेरो नाममा प्रशासनिक बेरुजु छैन।

(झ) मैले हालसम्म सरुवा हुँदा नियमानुसार बरबुझारथ गरेको छु।

उक्त व्यहोरा सत्य हो । पुरस्कारको लागि सिफारिस भएमा पुरस्कृत भएपछि पनि उक्त व्यहोरा झुठा ठहरे पुरस्कार फिर्ता गर्नुका साथै कानून बमोजिम सजाय व्यहोर्ने छु।

निवेदक

कर्मचारीको नाम, थर:-

दर्जा:-

मिति:-

## अनुसूची - २

श्री प्रदेश निजामती सेवा पुरस्कार छनौट समिति
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
गण्डकी प्रदेश, पोखरा ।

प्रदेश सरकार, गण्डकी प्रदेशको स्वीकृत प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी मापदण्ड तथा कार्यविधि, २०७५ को परिच्छेद ३ को व्यवस्था बमोजिम ......................... सालमा प्रदान हुने पुरस्कारका लागि तपसील बमोजिमका कर्मचारीको नाम सिफारिस गरिएको व्यहोरा मिति ....................................... को निर्णयानुसार अनुरोध छ।

**तपसील**

| सि.नं. | कर्मचारीको दर्जा | नाम, थर | कर्मचारी संकेत नं. | कार्यरत कार्यालय | सिफारिस गरिएको पुरस्कार |
|---|---|---|---|---|---|

कार्यालय :-
सम्बन्धित मन्त्रालय :-
कर्मचारीको दरबन्दी संख्या :-
पदपूर्तिको प्रतिशत :-

सचिव/ निर्देशनालय/कार्यालय प्रमुख

## अनुसूची - ३

विषय :- प्रदेश निजामती सेवा पुरस्कार छनौट गरिएको

श्री प्रदेश सरकार,
गण्डकी प्रदेश, पोखरा ।

प्रदेश सरकार, गण्डकी प्रदेशको स्वीकृत प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी मापदण्ड तथा कार्यविधि, २०७५ को परिच्छेद ३ को व्यवस्था बमोजिम ......................... सालमा प्रदान हुने देहाय बमोजिमका पुरस्कारका लागि तपसील बमोजिमका कर्मचारीको नाम सिफारिस गरिएको व्यहोरा प्रदेश निजामती सेवा पुरस्कार समितिको मिति ........................................ को बैठकको निर्णयानुसार अनुरोध छ।

**<u>तपसील</u>**

| सि.नं. | कर्मचारीको दर्जा | नाम, थर | कर्मचारी संकेत नं. | कार्यरत कार्यालय | सिफारिस गरिएको पुरस्कार |
|---|---|---|---|---|---|

..................
सदस्य सचिव

( सिफारिस गरिएका कर्मचारीहरुको अनुसूची-१ को विवरणको प्रमाणित प्रति संलग्न राखी पठाउनु पर्नेछ।)